जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ४४ • २०८३ साल आषाढ १९ गते शुक्रबार (3 July, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।–

## अन्तरप्रदेश चल्ने सार्वजनिक यातायातको भाडा घट्यो



**टुडे समाचारदाता**

जनकपुरधाम । यातायात व्यवस्था विभागले गत असार १७ गते मध्यरातिदेखि पेट्रोलियम पदार्थको मूल्य घटेसंगै अन्तरप्रदेश चल्ने सार्वजनिक तथा मालवाहक सवारीसाधनको भाडादर बिहीबारदेखि नै लागू हुनेगरी दुई प्रतिशतले घटाएको छ।

विभागले बिहीबार सार्वजनिक सूचना जारी गर्दै सार्वजनिक यातायात तथा मालवाहक सवारीसाधनको भाडा दुई प्रतिशतले घटाइएको छ।

विभागले पछिल्लो पटक भाडादर समायोजन गर्दा भएको डिजेलको औसत मूल्य प्रतिलिटर २३५ रुपैयाँ ८३ पैसा रहेको थियो। गत असार १७ गतेदेखि भने १९३ रुपैयाँ ८३ कायम भएकाले स्वचालित प्रणालीअनुसार नयाँ भाडा समायोजन गरिएको जनाएको छ।

यस अघि विसं २०८३ वैशाख १२ गतेको मन्त्रिस्तरको निर्णयअनुसार सार्वजनिक तथा मालवाहक सवारीसाधनको भाडा पाँच प्रतिशतले वृद्धि गरेको थियो।

नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष पुण्यप्रसाद सिटौला (सरोज) ले विभागले सार्वजनिक यातायात र मालवाहक सवारीसाधनको भाडा दुई प्रतिशतले घटाएको जानकारी दिए।

### रौतहटमा १ अर्ब ६६ करोडको टेण्डर

# प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगन

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकार र विपक्षी दलहरुबीच बिहीबार सहमति हुन नसक्दा मधेश प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ।

मधेश प्रदेशमा बजेटमाथिको छलफलका लागि बुधबार प्रदेश सभाको बैठक बोलाइएको थियो। तर विपक्षी दलहरुले बजेट संशोधनको मागगर्दै बैठक अवरुद्ध गरेका थिए।

सभामुख रामअशिष यादवले संसद चलाउन आह्वान गरेको सर्वदलीय बैठक बस्न सकेन। सत्तारुढ र विपक्षी केही दलका नेताहरु अनुपस्थित रहेकाले बैठक बस्न नसकेको नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले जनाएका छन्।

सर्वदलीय बैठक हुन नसकेपछि दिउँसो साढे २ बजे बसेको प्रदेश सभा बैठकमा जनता समाजवादी पार्टी(जसपा) नेपाल र जनमत पार्टीले अवरोध गरेको थियो।

बजेट संशोधनको माग गर्दै विपक्षी दलले प्रदेशसभा बैठक अवरोध गरे । प्रमुख प्रतिपक्षी जसपा नेपाल र प्रतिपक्षी जनमत पार्टीले सदन अवरुद्ध गरेपछि सभामुखले सदन चलाउन गरेको प्रयास सफल हुन सकेन।

बैठकको प्रारम्भमा नै जनमत पार्टीका सांसद संजयकुमार यादवले सरकारले एक करोडको बजेट ल्याउने नाममा टुक्रे योजनाहरू भएको बजेट ल्याएर संघीयतामाथि वितृष्णा बढाउन खोजेको आरोप लगाए। 'सरकारले एक करोड भन्दा कमको बजेट नल्याउने र प्रतिस्पर्धाबाट मात्र काम हुने प्रतिबद्धता जनाएका थिए' पूर्वमन्त्री समेत रहेका यादवले भने, संसदलाई सरकारले छलेकाले बजेट संशोधन नभएसम्म सदन चल्न दिने छैनौ।




बैठकमा जसपा नेपालका सांसद उपेन्द्र महतोले तीन दलीय सरकारले संघीयतालाई नै समाप्त पार्ने दुष्प्रयास गरेको आरोप लगाए। 'संघीयताको लागि कुनै योगदान नदिएका दलहरुको गठबन्धनले संघीयतालाई समाप्त गर्ने षडयन्त्र गरिरहेको छ' उनले भने, तर धेरैको बलिदानीबाट प्राप्त भएको संघीयतालाई सहजै समाप्त गर्न सकिदैन। संघीयताका लागि सयौं मधेशी सपुतले शहादत दिएको पनि उनले स्मरण गरे।

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा यादवले आफ्नो गृह जिल्लामा जेठ र असार १७ गते समेत गरी १ अर्ब ६६ करोडको टेण्डर गरेको सांसद महतोले उल्लेख गरे। 'चालु आर्थिक वर्षको रातो किताबमा समेत नभएको योजनाहरुको टेण्डर कुन प्रक्रियाले भयो?' उनले प्रश्न गरे, प्रदेश सरकारमाथि अनुचित आर्थिक दायित्व थपेर आगामी बजेटलाई समेत प्रभावित पार्ने प्रयास गरिएको छ। यसले मधेश प्रदेशप्रति आमजनमा वितृष्णा फैलाउने काम गरेको उनले बताए।

बजेटमा गडबडी हुँदा अन्य प्रदेशहरुमा समिति गठन गरी गरिएको सुधार जस्तै मधेश प्रदेशमा पनि तत्काल समिति गठन गरी बजेटमा सुधार गर्न महतोले माग गरे। 'बजेटमा भएको गडबडीलाई समयमै सुधार गर्न सकिन्छ' उनले भने, बजेटमा सुधार नभए संसद चल्न सक्दैन। रौतहट जिल्लामा अवैध रुपमा गरिएको टेण्डर रद्द गर्न समेत माग गरेका छन्।

मधेश प्रदेशमा सत्ता साझेदार तीन दल नेपाली कांग्रेसको मुख्यमन्त्री, एमालेको भौतिक पूर्वाधार विकास मन्त्रालय र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)को अर्थ मन्त्रालय रहेको छ। तीन जनाको सहमतिमा मात्र बजेट ल्याइएको आरोप सत्तारुढ दलका सांसदहरुले समेत लगाउन थालेका छन्।

प्रमुख प्रतिपक्ष जसपा नेपाल र जनमत पार्टी पनि वैशाख सम्म सरकारमा नै थियो। तर संघीय गठबन्धनको आधारमा मधेश केन्द्रित दुई दल जसपा नेपाल र जनमत पार्टीलाई हटाएर सरकारमा एमालेलाई सहभागि गराइएको हो।

प्रदेश सभाको गतिरोध समाप्त गर्न सबै दलका नेताहरुको सहभागितामा बैठक आवश्यक भएको कांग्रेसका प्रमुख सचेतक झाले बताए। 'दलका नेताहरुबीच सहमति नभए सम्म बैठक चल्न सक्दैन' उनले भने, प्रमुख प्रतिपक्ष र प्रतिपक्षका सांसदहरुले सत्तापक्षको कुरा नै सुन्न चाहेका छैनन्। विपक्षी दलहरुले लगाएको सबै आरोप सत्य नभएको उनले बताए।

प्रतिपक्षीले सदन अवरुद्ध गरेपछि सभामुख रामअशिष यादवले अनिश्चित समयका लागि बैठक स्थागित गरेका छन्। उनले अर्को सूचना नहुञ्जेलसम्मको लागि बैठक स्थगित भएको घोषणा गरेका हुन्।

बजेटमाथि छलफलको लागि बसेको बैठक लगातार दुई दिन अवरुद्ध भएपछि सभामुख यादवले अर्को सूचना प्रकाशन नभए सम्मका लागि स्थगन गरेका छन्।

बजेटको विषयमा अर्थमन्त्री युवराज भट्टराईले संसदमा आफ्नो धारणा राख्न उभेका थिए। सभामुखले उनलाई समय समेत दिएका थिए। तर विपक्षी दलहरुले अर्थमन्त्री भट्टराईलाई बोल्न नदिएर अवरोध गरिरहँदा सभामुखले बैठक स्थगनको घोषणा गरेका थिए।

### कांग्रेस इतर समूहको सक्रिय बढ्यो

## १५औँ महाधिवेशनमा एकताको प्रस्ताव, अर्कोतर्फ पार्टी कार्यालय उद्घाटनको तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको आन्तरिक राजनीतिमा तीव्र ध्रुवीकरण भइरहेको बेला संस्थापनइतरका तीन नेताबीच छलफल भएको छ। पार्टीका पूर्वउपभसापति विमलेन्द्र निधिको अगुवाइमा डा. शशांक कोइराला र नेता प्रकाशमान सिंहबीच गम्भीर छलफल भएको जनाइएको छ। यस छलफलको क्रममा पार्टी महाधिवेशनमा एकताको प्रस्तावलाई प्राथमिकताका साथ अघि बढाउने भए पनि अर्कोतर्फ महाधिवेशन केन्द्रित गतिविधिको नाममा समानान्तर पार्टी कार्यालय स्थापनासमेत गरिने भएको छ।

छलफलको अग्रसरता लिएका पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका नेता निधिले दिएको जानकारी अनुसार राष्ट्रिय राजनीति र कांग्रेसको आन्तरिक तनावको विषयमा छलफल भएको छ। सो छलफलमा विशेष महाधिवेशन र चौधौँ महाधिवेशनको केन्द्रीय समितिबीच एकता कायम हुनुपर्ने निष्कर्ष निकालेको नेता निधिले बताए।

बिहीबार पूर्वउपसभापति निधिको निवासमा नेता डा. शशांक कोइराला र प्रकाशमान सिंहबीच भएको छलफलले पार्टीभित्र एकताबद्ध महाधिवेशनको आवश्यकता औंल्याउनुका साथै सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अघि सारेको राजनीतिक दिशाप्रति पनि गम्भीर असहमति जनाएको छ।

सो छलफलमा मुख्य रूपमा दुई विषय केन्द्रमा रहेको बताइन्छ। पहिलो, कांग्रेसको १५औँ महाधिवेशनलाई सहमतिका आधारमा सम्पन्न गर्ने रणनीति, र दोस्रो, रास्वपाको प्रथम महाधिवेशनबाट अघि सारिएका राजनीतिक प्रस्तावप्रति कांग्रेसको दृष्टिकोण स्पष्ट रुपमा सार्वजनिक गर्दै गम्भीर आपत्ति जनाएको छ।

छलफलपछिनेतानिधिले१५औंमहाधिवेशनलाई 'एकताको महाधिवेशन' बनाउने उद्देश्यका साथ संस्थापन पक्षसंग संवाद अघि बढाइएको बताए। उनका अनुसार विशेष महाधिवेशनको पक्षमा रहेका र १४औँ महाधिवेशनबाट बनेको केन्द्रीय समितिबीच सहमति कायम गरेर मात्रै आगामी महाधिवेशन सफल हुन सक्छ।

यसका लागि पुरानो नवीकरण भइसकेको क्रियाशील सदस्यताको आधारमा महाधिवेशन गर्नुपर्ने, निर्वाचन समिति, विधान संशोधनलगायतका संयन्त्र सहमतिबाट गठन गर्नुपर्ने र सबै पक्षको विश्वास जित्ने प्रक्रियाबाट अघि बढ्नुपर्नेमा उनीहरूको साझा धारणा बनेको छ।

निधिका अनुसार उक्त प्रस्ताव संस्थापन पक्षसम्म निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कामार्फत पुऱ्याइसकिएको छ। पार्टी सभापति गगन कुमार थापा र उपसभापति विश्वप्रकाश शर्मासमक्ष पनि यो धारणा राखिएको उनले बताए। संस्थापन र इतर दुवै पक्षबीच सहमति कायम गरेर पार्टीलाई विभाजन होइन, एकतामार्फत् अघि बढाउनुपर्नेमा उनीहरूले जोड दिएका छन्।



महाधिवेशनको तयारीलाई व्यवस्थित बनाउन संस्थापनइतर समूहले काठमाण्डुको चुनदेवीमा सम्पर्क कार्यालयसमेत स्थापना गर्ने निर्णय गरेको छ। केही दिनभित्र औपचारिक उद्घाटन गरिने उक्त कार्यालय १५औँ महाधिवेशन केन्द्रित गतिविधिको समन्वय केन्द्रका रूपमा सञ्चालन हुनेछ।

निधिका अनुसार सातै प्रदेशका भेला सम्पन्न भइसकेका छन् भने अब राष्ट्रिय भेला आयोजना गर्ने तयारी भइरहेको छ। त्यसका लागि शुक्रबार पूर्णबहादुर खड्काको निवासमा थप रणनीतिक छलफल हुने कार्यक्रम तय गरिएको छ। उनले नेता शेखर कोइराला पनि सम्पर्क कार्यालय स्थापना र आगामी रणनीतिमा सहमत रहेको तथा उनीसँग निरन्तर संवाद भइरहेको जानकारी दिए।

आन्तरिक संगठनात्मक विषयसंगै छलफलमा सत्तारूढ रास्वपाको राजनीतिक प्रस्तावप्रति पनि गम्भीर चिन्ता व्यक्त गरिएको छ। कांग्रेस नेताहरूले रास्वपाको प्रथम महाधिवेशनमा प्रदेश सभा खारेजी, राष्ट्रिय सभाको स्वरूप परिवर्तन, निर्वाचन प्रणालीमा परिवर्तन तथा प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्थाजस्ता प्रस्तावहरू संसदीय लोकतन्त्र र संघीय संरचनाविरुद्ध उन्मुख भएको निष्कर्ष निकालेका छन्।


उनीहरूको भनाइमा यस्ता प्रस्तावले संविधानले स्थापित गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी व्यवस्था र संसदीय प्रणालीलाई कमजोर बनाउने जोखिम रहेको छ। कांग्रेसले लामो राजनीतिक संघर्षबाट स्थापित गरेको वर्तमान शासन प्रणालीलाई कमजोर पार्ने कुनै पनि प्रयासप्रति सचेत रहनुपर्ने उनीहरूको धारणा छ।

यद्यपि रास्वपाले भने कांग्रेससहितका दलहरूले उठाएका कतिपय आरोप अस्वीकार गर्दै आएको छ। रास्वपाका महामन्त्री विपिनकुमार आचार्यले प्रदेश सभा खारेजीसम्बन्धी विषय सभापति रवि लामिछानेको अन्तिम राजनीतिक प्रतिवेदनमा समावेश नभएको र सभापतिको प्रतिवेदन नै पार्टीको आधिकारिक दस्तावेज हुने स्पष्ट पारिसकेका छन्। त्यसका बावजूद कांग्रेस नेताहरूले महाधिवेशनमा प्रस्तुत भएका अवधारणाले नै पार्टीको भावी राजनीतिक दिशाबारे प्रश्न उठाएको बताएका छन्।

छलफलको निष्कर्ष अनुसार कांग्रेसले संघीय लोकतान्त्रिक गणतन्त्र र संसदीय व्यवस्थाको पक्षमा देशव्यापी रूपमा कार्यकर्ता तथा लोकतान्त्रिक शक्तिलाई सचेत बनाउने अभियान सञ्चालन गर्ने तयारी गरेको छ। आवश्यक परे लोकतान्त्रिक मूल्य-मान्यताको रक्षाका लागि राजनीतिक संघर्ष गर्नसमेत तयार रहनुपर्ने सन्देश उनीहरूले दिएका छन्।

यस छलफलले कांग्रेसभित्र १५औँ महाधिवेशनअघि समानान्तर शक्ति केन्द्रहरू सक्रिय बन्दै गएको संकेत दिएको छ। एकातिर संस्थापनइतर समूह पार्टीभित्र सहमति र साझा नेतृत्वको वातावरण बनाउन पहल गरिरहेको देखिन्छ भने अर्कोतर्फ राष्ट्रिय राजनीतिमा उदाउँदै गरेको रास्वपाको वैकल्पिक राजनीतिक एजेन्डाविरुद्ध कांग्रेसले वैचारिक प्रतिवादलाई पनि संगसंगै अघि बढाउने रणनीति लिएको स्पष्ट भएको छ। आगामी केही सातामा हुने आन्तरिक छलफल, राष्ट्रिय भेला र संस्थापन पक्षसँगको संवादले कांग्रेसको महाधिवेशनको दिशा तथा विपक्षी राजनीतिक भूमिकालाई थप स्पष्ट पार्ने अपेक्षा गरिएको छ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बजेटमा भद्रगोल

मधेश प्रदेशको बजेटमाथि प्रदेशसभामा छलफल प्रारम्भ हुन सकेन। बजेट प्रारम्भ हुनु अगावै प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी(जसपा) नेपालले अवरोध गरेर चल्न दिएन । बजेटको विषयमा प्रमुख प्रतिपक्षी दल अक्रामक देखिएको छ। सत्तासीन दलहरुमा पनि बजेटप्रति असन्तुष्टी देखिएको छ। बजेट भद्रगोल रहेको सांसदहरुको कथन छ । उपभोक्ता समितिबाट काम गराउने प्रक्रियालाई पूर्णरुपमा निस्तेज पार्ने सरकारले व्यक्त गरेको प्रतिवद्धतालाई कार्यान्वयन गर्न अहिले बाँकी नै छ । तर सरकारले एक करोडभन्दा कमको योजना नराख्ने प्रतिवद्धता भन्दा पछि हटेको छ । दश, बीस लाखको योजनाहरु पनि बजेटमा समावेश गरिएको छ । कयौं कार्यक्रमहरुमा बजेट राख्न व्यवसायीबाट अग्रिम रकम लिइएको आरोप छ। सरकारले बजेटको कार्यान्वयनबारे सांसदहरुलाई विश्वस्त बनाउन सहज छैन । एकीकृत बजेटमा फरक फरक प्रकृतिको योजनाहरु समावेश रहेकोले त्यसको एउटै टेण्डर गर्न नमिल्ने देखिन्छ । बजेटमा अन्तर जिल्ला योजनाहरुलाई समेत एकीकृत गरिएको छ । बजेटको कार्यान्वयन हुनेमा विपक्षी दलका सांसदहरुले गम्भीर प्रश्न उठाएका छन् । प्रदेश सरकारमा साझेदार रहेको नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का सांसदहरुको पनि चित्त बुझेको छैन । उनीहरुले पनि बजेटको सवालमा सरकारको आलोचना गरिरहेका छन् । मन्त्रीहरुले आ-आफ्ना मन्त्रालयको अधिकांश बजेट आफ्नो क्षेत्रमा सीमित गरेको आरोप लगाइएको छ । विपक्षी दलका सांसदहरुले सत्तासीन सांसदहरुले पनि पर्याप्त योजनाहरु आफ्नो क्षेत्रमा पारेको आरोप लगाएका छन् । तर बजेटलाई सबैले भद्रगोल भनेका छन् । सरकारले प्रदेशमा कुनै विशिष्ट कार्यक्रम ल्याउन सकेको छैन । परम्परागत योजना र मोटो कमिसन आउने समान आपूर्तीलाई सरकारले बजेटमा प्राथमिकता दिएको छ । विगतमा जस्तै पोषण सामग्री आपूर्ती गर्ने व्यवसायीले आगामी बजेटमा समेत पर्याप्त रकम बिनियोजन गराउन सफल भएका छन् । बजेटमा रकम राख्न उनले अग्रीम नै कमिसन दिने गरेको आरोप लाग्दै आएको छ। सत्ता साझेदार दलहरुले बजेट पारित गर्नु बाध्यता रहेको बताउँछन् । हुन त विगतको वर्ष जस्तै यस पटक पनि सत्ता र विपक्षबीच अनेकौं विषयमा भित्री सहमति हुने र त्यसपछि बजेट पारित हुने बताइन्छ । सरकारमा मुख्यमन्त्री कांग्रेसको, अर्थमन्त्री नेकपाको र भौतिक पूर्वाधार मन्त्री एमालेका छन् । प्रदेशको मुख्य मन्त्रालयहरु यिनै हुन् । सरकारमा सहभागी दलका नेताहरुले आपसी सहमति अनुसार बजेट बाँडफाँट गरेका छन् । सरकारले बजेट पारित गराउन विपक्षी दलहरुलाई फकाउन लागेको छ । सरकार र प्रतिपक्षी दलबीच तत्कालै सहमति नभए पनि अन्तिम समयमा बजेट सहजै पास हुनेछ। बजेट पारित गर्न सरकारसित सम्मानजनक बहुमत रहेको छ । तर कार्यकालको अन्तिम आर्थिक वर्षमा सरकारले बजेटमा भद्रगोल गरेर प्रदेशलाई थप बदनाम गरेको छ।

# नेतृत्वहरू किन असफल हुन्छन?



● विदुरचन्द्र लामिछाने

नेतृत्वहरू सीमित घेरामा रमाउँदा र स्वार्थ सिद्ध गर्न उद्दत मानिसहरूको बन्धनमा पर्दा कसरी राजनीतिक दल, कम्पनी, संघसंस्थाहरू दिवालिया हुन्छन् र आफ्नो विरासत गुमाउन पुग्छन् भन्ने कुरा हामीले देखेका छौं, सुनेका छौं ।

अहिले कति त आफ्नो अस्तित्व रक्षामा छन् भने कति पूर्ण रूपमा दिवालिया (टाट पल्टिएका) भएका छन् ।

नेतृत्व र निकायहरू कसरी दिवालिया हुन्छन् अथवा विफल हुन्छन् भन्ने सम्बन्धमा केही लेख्नुअघि लगभग ५ हजार वर्षअघिको एउटा घटनाबाट सुरू गरौं ।

हामीले महाभारतको कथा विभिन्न माध्यमबाट हेर्दै, सुन्दै आएका छौं । हिन्दु धर्मको एक महाकाव्य पनि हो महाभारत ।

हस्तिनापुरको सिंहासनको अधिकारलाई लिएर शुरू भएको यो कथा क्रमशः बढ्दै गएर कुरूक्षेत्रको भीषण युद्धमा परिणत हुन्छ । जहाँ पाण्डवहरू धर्म, सत्य र न्यायको पक्षमा र कौरवहरू अधर्म, लोभ र अहंकारको पक्षमा उभिन्छन् ।

महाभारतमा धृतराष्ट्र एउटा यस्तो पात्र हुन्, जसले सत्य र न्याय बुझ्दाबुझ्दै पनि गलत मानिसहरूको संगत, मोह र अन्धविश्वासमा पर्दा अन्ततः आफ्नो परिवार, राज्य र प्रतिष्ठा सबै गुमाउँछन् ।

उनी शारीरिक रूपमा मात्र होइन, धेरै हदसम्म मानसिक रूपमा पनि 'दृश्टिविहीन' बनेका थिए । विशेषगरी दूर्योधन, शकुनी र दुशासन जस्ता स्वार्थी तथा अहंकारी व्यक्तिहरूको प्रभावमा परेर उनले बारम्बार गलत निर्णय गरे ।

विदुर, भीष्म, द्रोण र श्रीकृष्णजस्ता ज्ञानीहरूले पटक पटक सचेत गराउँदा पनि धृतराष्ट्रले आफ्नो पुत्रमोहका कारण सत्यको पक्ष लिन सकेनन् । परिणाम स्वरूप कौरव वंशको विनाश भयो, महाभारतजस्तो भयानक युद्ध भयो, लाखौं मानिसको मृत्यु भयो र अन्ततः धृतराष्ट्र आफै पश्चातापको आगोमा जलेर जीवन बिताउन बाध्य भए ।

धृतराष्ट्रको सबभन्दा ठूलो कमजोरी भनेको गलत मानिसहरूलाई नजिक राख्नु र योग्य तथा सत्य बोल्ने मानिसहरूलाई बेवास्ता गर्नु थियो ।

यो त भयो पौराणिक घटना र त्यसबाट अहिलेको पुस्ताले लिनुपर्ने पाठ। अब समकालीन घटनाहरू हेरौं ।

संसारमा शासनसत्ताको नेतृत्व गर्ने, कम्पनी/संघ/संस्थाको नेतृत्व गर्नेले सीमित व्यक्तिहरूको मात्र कुरा सुन्ने, आलोचना र वैकल्पिक विचारलाई बेवास्ता गर्दा अन्ततः सत्ता नै विलय भएका, कम्पनी, संघसंस्था असफल भएका, टाट पल्टिएका, दिवालिया भएका कैयौं उदाहरण छन् ।

**सोभियत युनियनको विघटन हेरौं ।**

बिबिसी नेपाली सेवाले २६ डिसेम्बर २०२१ मा आफ्नो अनलाइन संस्करणमा 'शक्तिशाली सोभियत संघ किन ढल्यो' शीर्षकमा समाचार छाप्यो ।

उक्त समाचारमा पाँच आधारभूत कारण उल्लेख थियो– अर्थतन्त्र, सिद्धान्त, राष्ट्रवाद, मन अनि मस्तिष्क गुमाउनु र नेतृत्व ।

बिबिसी नेपाली सेवाले उल्लेख गरेका पाँच कारणको समग्र विश्लेषण गर्दा एउटा साझा प्रवृत्ति देखिन्छ। ती सबै कारणले सोभियत नेतृत्व क्रमशः सीमित घेराभित्रको सूचनामा निर्भर हुँदै गएको अवस्थातर्फ संकेत गर्छन् ।

स्थानीय तहका वास्तविक समस्या, आर्थिक कठिनाइ तथा जनअसन्तुष्टिका आवाजहरू निर्णय तहसम्म प्रभावकारी रूपमा पुग्न सकेनन् वा पर्याप्त महत्व पाएनन् । परिणाम स्वरूप नेतृत्वले देशको वास्तविक अवस्थाको समयमै सही मूल्यांकन गर्न सकेन, जसले आर्थिक, राजनीतिक तथा राष्ट्रियता सम्बन्धी अन्य संरचनागत समस्यासँग मिलेर अन्ततः सन् १९९१ मा सोभियत संघको विघटनमा योगदान पुर्‍यायो ।

हाम्रै पञ्चायती व्यवस्थाको अन्त्य पनि त्यस्तै त्यस्तै कारणबाट भएको थियो । पञ्चायती व्यवस्थाको अन्त्यतिरको एउटा सानो घटना हेरौं ।

विक्रम सम्वत् २०४५ चैतमा भारतले नेपालमा नाकाबन्दी लगायो । त्यसले जनस्तरमा पारेको प्रभाव र आपूर्तिका सम्बन्धमा बुझ्न तत्कालीन राजाले एउटा ठूलो बैठकको आयोजना गरेका थिए । बैठकमा राजाका भाइभारदार र उच्च निकायहरूको नेतृत्व सम्हालेर रजगज गरेका सरकारी पदाधिकारीहरूको उपस्थिति थियो ।

उक्त बैठकमा नाकाबन्दीपछि देशको आपूर्ति अवस्थाका विषयमा जानकारी गराउन राजाबाट हुकुम हुँदा जिम्मेवारी लिएर बसेका सबैबाट राम्रो र ठिकठाक चलिरहेको र आपूर्ति व्यवस्था मिलाउँछौं, समस्या छैन भन्ने खालको ब्रिफिङ भएको थियो । तर फिल्डमा जनतामा नाकाबन्दीको प्रभाव राम्रै परिसकेको थियो ।

नेतृत्वलाई गुमराहमा राखेर त्यहाँ ब्रिफिङ भएको थियो । तत्कालीन राजा महाराजाले पनि आफ्नै भाइभारदार, पदाधिकारी र दरबारियाहरूको सीमित घेरामा रमाएर शासन गर्दाको परिणाम नै शाहवंशीय शासकको २४० वर्षको इतिहास ढल्न पुग्यो ।

२०४६ सालबाट बहुदलीय शासन व्यवस्था र त्यसको केही वर्षपछि नै गणतान्त्रिक शासन व्यवस्था आयो। राजा-महाराजाका ठाउँमा अर्का राजा-महाराजाहरू आए ।

पञ्चायती व्यवस्थाको अन्त्यपछि करिब चार दशक सत्ताको बागडोर सम्हालेर रजगज गरेका राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिस्ट पार्टी (तत्कालीन नेकपा माओवादी) को सत्ता गर्ल्यामगुर्लुम ढल्यो ।

यसरी उनीहरूको सत्ता अस्तित्व रक्षा नै गर्न नसक्ने गरी ढल्नुमा नेतृत्व सीमित घेरामा रमाउनु नै मुख्य कारण थियो। जतिसुकै विकृति, विसंगति भए पनि नेतृत्वलाई धृतराष्ट्र बनाएर चरम फाइदा लिन उद्दत स्वार्थी समूहका कारण नै नेताहरूको राजनीतिक विरासत धुलिसात भयो ।

आफ्ना आसेपासे बाहेक नेताहरू कसैका कुरा सुन्दैनथे । आसेपासेले जे भन्यो त्यही सही लाग्थ्यो । आसेपासेलाई नै नेतृत्वकर्ताको शयनकक्षसम्म पुग्ने र कुरा लगाउने पहुँच हुन्थ्यो । सत्य र सही सल्लाह दिनेलाई कहिल्यै उनीहरूसम्म पहुँच हुँदै थियो । सही सल्लाह दिनेहरूको कुरा नै उनीहरूलाई अप्रिय लाग्थ्यो । किनभने नेतृत्वलाई यति नदेख्ने बनाइएको थियो कि, आफ्ना आसेपासेभन्दा सही र राम्रो मानिस यो संसारमै छैनन् भन्ने भान गराइएको थियो ।

सत्ताको चौघेराभन्दा बाहिर संसार छ, मेरा अगाडि आउने बाहेक अरू मानिसहरू छैनन् भन्ने भ्रम उनीहरूमा पारिएको थियो। परिणाम स्वरूप नेपालको राजनीतिमा उलटपुलट भयो । अहिले उनीहरू आफ्नो अस्तित्व रक्षाको अवस्थामा छन्। आज ती राजनीतिक दल र तिनका नेताहरूको हालत र हविगत के छ, हामी सबैले देखेकै छौं। अब उठ्न कति वर्ष लाग्ने हो, थाहा छैन ।

ड्यारोन आसेमोग्लु र जेम्स ए. रविन्सनको पुस्तक 'किन राष्ट्रहरू असफल हुन्छन्' मा जहाँ समावेशितामा जोड दिइन्छ, त्यहाँ आर्थिक विकास र दीर्घकालीन समृद्धि सम्भव हुन्छ भनिएको छ । जहाँ सीमित व्यक्ति वा समूहको स्वार्थका लागि शक्ति र स्रोतको नियन्त्रण र दुरूपयोग हुन्छ, त्यहाँ भ्रष्टाचार, असमानता, राजनीतिक अस्थिरता र आर्थिक पछौटेपन बढ्दै जाने बताइएको छ ।

लेखकद्वयको निष्कर्ष छ, कुनै राष्ट्रको भाग्य अन्ततः त्यसका संस्थाहरू कति समावेशी वा शोषणकारी छन् भन्ने कुराले निर्धारण गर्छ ।

नेपालका राज्य व्यवस्थाहरू कसरी असफल भए भन्ने तथ्यहरूलाई विद्वान् लेखकद्वयका निष्कर्षले पनि पुष्टि गर्छन् ।

**अर्को चर्चित उदाहरण छ, अमेरिकी कम्पनी वीवर्कको ।**

वीवर्कका पूर्व प्रमुख कार्यकारी अधिकृत एडम न्यूमनले अनुभवी व्यवस्थापक तथा वरिष्ठ कार्यकारीहरूको सुझाव र चिन्तालाई बेवास्ता गर्दै, महत्त्वपूर्ण व्यवस्थापकीय पदहरूमा आफ्ना निकटस्थहरूलाई प्राथमिकता दिने र 'आफूलाई मनपर्ने कुरा मात्र सुन्ने' शैली अपनाए । जस कारण सरोकारवालाहरू क्रमशः विमुख हुँदै गए र अन्ततः करिब ४७ अर्ब अमेरिकी डलरको मूल्यांकन रहेको कम्पनी ध्वस्त भई दिवालियापनको अवस्थासम्म पुग्यो ।

यस्तै कोडाकको उदाहरण पनि उल्लेखनीय छ।

डिजिटल क्यामरा प्रविधिको आविष्कार आफैले गरे पनि कम्पनीको नेतृत्वले आफ्ना सीमित सल्लाहकारहरूको प्रभावमा परेर पुरानो फिल्म व्यवसाय जोगाउने सोचलाई प्राथमिकता दियो ।

> जेनजी आन्दोलनअधिसम्म प्रमुख राजनीतिक दलहरू सत्ताको "म्युजिकल चेयर" मा रमाउँदा हाम्रा सरकारी निकायमा बिचौलियाहरूको रजगज थियो । उनीहरूले नै शासनसत्ता कब्जा गरेको आभास आम रूपमा थियो । सरकारी संस्थाहरू थिलोथिलो बनेका थिए भने सत्तासीनहरूलाई आफ्नो भित्री घेरामा पारेर आफूले चाहेको निर्णय गराउन बिचौलियाहरू सफल भएका थिए ।

भित्रबाट आएका नवीन सुझाव र ध्यानाकर्षणलाई पर्याप्त महत्त्व नदिँदा कम्पनी समयको परिवर्तनसँग अनुकूल हुन सकेन र अन्ततः सन् २०१२ मा दिवालियापनको अवस्थामा पुग्यो ।

हाम्रा सार्वजनिक निकायहरूमा पनि नेतृत्व वरिपरी 'भित्री घेरा' बन्ने गरेको पाइन्छ, देखिन्छ । यसले निर्णय प्रक्रियामा व्यापक सहभागिता घटाउँछ, रचनात्मक र आलोचनात्मक सुझावहरू दबिन्छन् र संस्थागत हितभन्दा केही व्यक्तिको प्रभाव बढेको देख्न सकिन्छ ।

जेनजी आन्दोलनअधिसम्म प्रमुख राजनीतिक दलहरू सत्ताको 'म्युजिकल चेयर' मा रमाउँदा हाम्रा सरकारी निकायमा बिचौलियाहरूको रजगज थियो । उनीहरूले नै शासनसत्ता कब्जा गरेको आभास आम रूपमा थियो । सरकारी संस्थाहरू थिलोथिलो बनेका थिए भने सत्तासीनहरूलाई आफ्नो भित्री घेरामा पारेर आफूले चाहेको निर्णय गराउन बिचौलियाहरू सफल भएका थिए।

त्यसैको परिणाम आम निर्वाचनमार्फत नेतृत्व र पुराना दलहरूलाई जनताले थन्क्याइदिए । जेनजी आन्दोलनपछि आम निर्वाचनलगत्तै बनेको दुई तिहाइको सरकारले पनि यस्ता कुरामा सचेत भई राज्य सञ्चालन गर्नु बुद्धिमानी हुन्छ ।

इतिहासले बारम्बार देखाएको छ कि संस्था कमजोर बनाउने कारण प्रायः बाह्य चुनौतीभन्दा पनि बढी नेतृत्वले सत्य सूचना सुन्ने क्षमता गुमाउँदा भएको देखिन्छ । कुनै पनि संस्थाको दीर्घकालीन सफलताका लागि नेतृत्वले आफूलाई मनपर्ने कुरा मात्र होइन, अप्रिय भए पनि सत्य कुरा सुनाउने व्यक्तिहरूलाई पनि स्थान दिनुपर्छ । सत्य कुरा सुन्ने साहस र हिम्मत राख्नुपर्छ ।

यही कारणले नै सुशासनमा पारदर्शीता, जबाफदेहिता र बहुपक्षीय परामर्श भन्ने शब्दहरूलाई उच्च महत्त्व दिइएको हो । अर्को यस्तो प्रवृत्ति राजनीतिक दलभन्दा बाहिर प्रशासन, कम्पनी, संघसंस्थाहरूमा पनि हावी रहेको पर्याप्त देख्न सकिन्छ र यो बढ्दै गएको महसुस पनि हुन्छ। नेतृत्वमा आउनेले सबैको कुरा सुन्ने चाहना समेत राख्दैन । नेतृत्वसँग पहुँच राख्नेहरूले नेतृत्वलाई बाहिरी सम्पर्कबाट सधैं रोक्ने प्रयास गर्छन् । नेतृत्व यतिसारो नदेख्ने भइदिन्छ कि यिनै सबै ठीक हुन्, यिनै सर्वज्ञानी छन् भन्ने निष्कर्षमा ऊ पुगेको हुन्छ ।

जब नेतृत्वमा यो प्रवृत्ति देखिन्छ, त्यस्ता ठाउँहरूमा असन्तुष्टि बढ्ने, कार्य वातावरण बिग्रिने र अन्ततः संस्था नै धराशायी भएर जाने भइदिन्छ । ठीक धृतराष्ट्रले जस्तै, जब नेतृत्वले गलत मानिसलाई विश्वास गर्छ र सत्य बोल्नेलाई टाढा राख्छ, तब ओरालो यात्रा त्यहीँबाट प्रारम्भ हुन थाल्छ ।

स्वार्थी समूहहरू नेतृत्वलाई वास्तविकताभन्दा टाढा राख्न सधैं उद्दत हुन्छन् । चाकडी गरेर गलत कुरालाई सही साबित गर्न खोज्छन् र इमानदार तथा स्पष्ट बोल्ने मानिसलाई नेतृत्वबाट टाढा राख्न हरसम्भव प्रयास गर्छन् । इमानदार र सही मानिसका विरूद्ध नेतृत्वको कानमा नानाभाँतीका कुरा लगाएर सधैं नेतृत्वको प्रिय बन्न न्वारानदेखिको बल लगाउँछन् ।

कतिपय नेता वा पदमा आसीनहरू पनि आफ्नो वरिपरि 'हो मा हो मिलाउने' मानिस मात्र राख्न रूचाउँछन् ।

विश्व बैंक र संयुक्त राष्ट्र संघ लगायतका संस्थाहरूको व्यवस्थापन सम्बन्धी अध्ययनहरूले पनि नेतृत्वले विविध स्रोतबाट सुझाव लिनुपर्ने र यस्तो 'ग्रुपथिंक' समर्थनबाट बच्नुपर्ने आवश्यकता औंल्याएका छन् । जब नेतृत्व केही व्यक्तिहरूको घेरामा सीमित हुन्छ, तब वास्तविक सूचना फिल्टर भएर मात्र पुग्ने खतरा बढ्छ ।

व्यवस्थापनविद सीडनी फिङकल्स्टिनको पुस्तक 'ह्वाई स्मार्ट एक्जिक्युटिभ्स फेल' ले सफल र प्रतिभाशाली नेतृत्वसमेत किन असफल हुन्छ भन्ने प्रश्नको उत्तर खोज्छ ।

पुस्तकको निष्कर्ष अनुसार नेतृत्वको असफलताको प्रमुख कारण बाह्य चुनौती मात्र होइन, नेतृत्व वरिपरि निर्माण हुने चाप्लुसीको घेरा, सत्य सूचना लुकाउने प्रवृत्ति र 'हो मा हो' मिलाउने संस्कृतिसमेत हो । जब नेतृत्वले योग्य र स्वतन्त्र विचार राख्ने व्यक्तिहरूलाई बेवास्ता गर्दै सीमित स्वार्थी समूहको प्रभावमा निर्णय गर्न थाल्छ, तब संस्थाभित्र उत्तरदायित्व, पारदर्शीता र नवप्रवर्तन कमजोर बन्छन् । परिणाम स्वरूप संस्था बिस्तारै आफ्नो उद्देश्यबाट विचलित हुँदै संकट र पतनतर्फ उन्मुख हुन्छन् ।

यस आलेखमा मैले महाभारतको उदाहरण राखेँ। हाम्रै देशको उदाहरण पनि राख्ने प्रयास गरेँ र विश्वमा यस्तै प्रकृतिका घटनाहरूबाट भएका असफलताका उदाहरणहरू पनि राखेँ।

यी सबै उदाहरणहरूले एउटा गहिरो शिक्षा दिन्छन्– नेतृत्वमा बसेको व्यक्तिले मोह, पक्षपात, चाकडी र स्वार्थी समूहबाट टाढा रहनुपर्छ । सत्य बोल्ने मानिस कहिलेकाहीँ कठोर लाग्न सक्छ, तर उनीहरू नै वास्तविक हितैषी हुन्छन् ।

कुनै पनि निकाय, संघ, संस्था वा राजकाजको जिम्मेवारीमा बस्नेले यदि केही सीमित व्यक्तिहरूको घेराभित्र बसेर मात्र निर्णय गर्छन्, आलोचनात्मक आवाजलाई टाढा राख्छन् र फरक विचारलाई शत्रु ठान्छन् भने नेतृत्व क्रमशः यथार्थबाट टाढिँदै जान्छ। यस्तो अवस्थामा यस्ता निकायभित्र सत्यभन्दा चापलुसी बलियो बन्न पुग्छ, जसको अन्तिम परिणाम निर्णयगत त्रुटि, संस्थागत कमजोरी र कहिलेकाहीँ दशकौंको विरासत बनाएका संस्था पनि क्षणभरमै पतनको मार्गमा जान सक्छन् ।

सीमित घेराभित्र नेतृत्वलाई राख्न रमाउने स्वार्थी समूहका सल्लाह वा संगतले क्षणिक सुख वा शक्ति दिएको जस्तो देखिए पनि अन्ततः त्यसले पतनतर्फ नै लैजान्छ।

धृतराष्ट्रको जीवन केवल एउटा पौराणिक कथा मात्र होइन, आजको समाज, राजनीति, प्रशासन र संस्थागत जीवनका लागि गहिरो चेतावनी पनि हो, शिक्षा पनि हो । यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ।

# नेपालमा भारतीय पर्यटक व्यवस्थापनको चुनौती



● हेमन्त मल्ल ठकुरी

यो वर्ष मनसुन शुरू हुनुअघि नेपालका पहाडी र हिमाली पर्यटकीय गन्तव्यहरूमा गर्मी छल्ने भारतीय पर्यटकको उपस्थिति अपेक्षा भन्दा र बिगतमा भन्दा धेरै देखियो। यसका विभिन्न कारण हुनसक्छन् । मेरो बुझाईमा चाहिँ यसको प्रमुख कारण हो भारतीय ट्राभल तथा फूड ब्लगरहरू तथा भारतीय बाइकर्सहरूद्वारा व्यापक रूपमा गरिएका नेपालका सुन्दर गन्तव्यहरूको व्यापक प्रचारप्रसार ।

युट्युब, इन्स्टाग्राम, फेसबुक र अन्य सोसल मिडिया प्लाटफर्महरूमा लाखौं फलोअर्स भएका भारतीय कन्टेन्ट क्रिएटर हरूले नेपाललाई राम्रो मौसम, सुरक्षित, सफा, सस्तो र स्वादिष्ट खानाको गन्तव्यका रूपमा प्रस्तुत गरे । कम बजेटमा विदेश यात्रा, हिमाल अवलोकन, धार्मिक, साँस्कृतिक र साहसिक यात्राको उत्कृष्ट गन्तव्य जस्ता सन्देश बोकेका भिडियोहरूले भारतका मध्यमवर्गीय परिवार, युवा र साहसिक यात्राप्रेमीलाई नेपालतर्फ धमाधम आकर्षित गरे, गरिरहेका छन् ।

**डिजिटल प्रचारको शक्ति**

अलि पहिलेसम्म कुनै देशको पर्यटन प्रवर्द्धनका लागि सरकारले करोडौं खर्च गरेर विज्ञापन गर्नुपर्थ्यो। अहिले चाहिँ त्यो अवस्था छैन । बरु एकजना चर्चित युट्युबर वा भ्लगरको एक भिडियोले लाखौं मानिसको धारणा परिवर्तन गर्न सक्छ । भारतका धेरै ट्राभल ब्लगरहरूले काठमाण्डु, पोखराको फेवाताल, नेपालका विभिन्न हिमाली क्षेत्र, पर्यावरण, मुस्ताङको मरुभूमि, पशुपतिनाथ, थकाली खाना, सरसफाई, नेपाली आतिथ्यता तथा सस्तो होटलको खुलेर प्रशंसा गरे।भारतको विशाल जनसंख्या र बढ्दो मध्यम वर्गका लागि नेपाल जस्तै वातावरण भएको विदेशी मुलुक घुम्न ठूलो खर्च लाग्ने भएकाले नेपाल उनीहरूका लागि सहज र सुलभ विकल्प बनेको छ ।

खुला सीमा, भाषागत समानता, धार्मिक तथा सांस्कृतिक निकटताले पनि भारतीय पर्यटकलाई नेपाल आउन सहज बनाएको छ ।

यस वर्ष भारतीय पर्यटकको अप्रत्यासित बढ्िले नेपालको पर्यटन क्षेत्रलाई आर्थिक रूपमा फाइदा पुर्‍याएको छ । होटल, रेष्टुरेन्ट, यातायात, स्थानीय उत्पादन तथा रोजगारीका अवसरहरू बढेका छन् । तर पर्यटक संख्या तीव्र गतिमा बढ्दा कतिपय गन्तव्यमा व्यवस्थापनको कमजोरी पनि स्पष्ट देखिन थालेको छ । पार्किङको अभाव, ट्राफिक जाम, सार्वजनिक शौचालयको कमी तथा पर्यटकीय स्थलहरूमा अव्यवस्थित भीड देखिएको छ । कतिपय ठाउँमा भारतीय पर्यटकले सवारी तथा यातायात व्यवस्था ऐनबिपरीत गैरकानूनी र असामाजिक काम गरेको भन्दै स्थानीय बासिन्दाले नै नियन्त्रणमा लिएर प्रहरीलाई खबर गरेका भिडियो सार्वजनिक भइरहेका छन् ।

यदि अहिले देखिएको अव्यवस्था सुधार गर्न सकिएन भने नेपालले आफ्नै सफलताको भार थेग्न नसक्ने अवस्था पनि आउन सक्छ। यही अवस्थालाई बुझाउन विश्वभर एक उखान प्रचलित छ- 'टुरिजम् किल्स टुरिजम् ।'

**'टुरिजम् किल्स टुरिजम्'को अर्थ**

यो शब्दावलीको अर्थ पर्यटन आफैमा खराब हो भन्ने होइन । यसको वास्तविक अर्थ हो- यदि पर्यटनलाई उचित व्यवस्थापन गर्न सकिएन भने अत्यधिक पर्यटकको चापले त्यही गन्तव्यको आकर्षण समाप्त गर्न सक्छ ।

विश्वका धेरै पर्यटकीय गन्तव्य र शहरहरूले यो समस्या भोगिसकेका छन् । अत्यधिक पर्यटकका कारण स्थानीय जनजीवन प्रभावित भयो, फोहोर बढ्यो, प्राकृतिक सम्पदा नष्ट भए, मूल्यवृद्धि भयो र अन्ततः त्यहाँको पर्यटनको आकर्षण नै घट्न थाल्यो । नेपालले पनि यही तीतो अनुभव दोहोरिन नदिन अहिले नै आवश्यक तयारी गर्नुपर्छ ।

**सुरक्षा चुनौतीहरू**

कुनै पनि ठाउँमा पर्यटकको संख्या ह्वात्तै बढेसँगै सुरक्षा सम्बन्धी चुनौती पनि बढ्छन् । जहाँ मानिसको ठूलो भीड हुन्छ, त्यहाँ अपराधका सम्भावना बढ्छन् नै । त्यो अवस्थामा पाकेटमारी, चोरी, ठगी, नक्कली ट्राभल एजेन्सीको बिगबिगी, साइबर अपराध, लागू पदार्थको कारोबार लगायतका गतिविधिहरू बढ्न सक्छन् ।

भारतीय पर्यटकहरूको ठूलो संख्या नेपाल आउन थालेसँगै नेपालले पर्यटक सुरक्षालाई प्राथमिकतामा राख्नुपर्छ। यसका लागि पर्यटक प्रहरीको संख्या वृद्धि, पर्यटकीय क्षेत्रमा सीसीटीभीको विस्तार, आपतकालीन सहायता प्रणाली, बहुभाषिक सूचना केन्द्र तथा डिजिटल निगरानी प्रणाली आवश्यक देखिएको छ ।

अन्तर्राष्ट्रिय आतङ्कवादी समूह, संगठित अपराध समूह वा अन्य आपराधिक तत्वहरूले खुला सीमाको दुरुपयोग गर्न सक्ने सम्भावनालाई पनि बेवास्ता गर्न सकिँदैन । त्यसैले पर्यटन सुरक्षा केवल आर्थिक विषय होइन। खासमा यो राष्ट्रिय सुरक्षासँग पनि जोडिएको विषय हो ।

**अपराध र सामाजिक प्रभाव**

पर्यटकको संख्या बढेपछि अर्थतन्त्रका धेरै अवयव चलायमान हुन्छन् । स्थानीय अर्थतन्त्रमा पनि पैसा आउँछ। तर यो सँगसँगै सामाजिक असर पनि पर्न थाल्छ । घरभाडा बढ्ने, स्थानीय वस्तुको मूल्य वृद्धि हुने, अवैध व्यवसाय बढ्ने, यौन व्यवसाय, जुवा र लागुपदार्थको कारोबार जस्ता गतिविधिहरू फैलिन सक्ने सम्भावना पनि ज्यादा रहन्छ ।

यस्तो अवस्थामा यदि पर्यटनको लाभ स्थानीय समुदायसम्म नपुग्ने र केवल सीमित व्यवसायीमा मात्रै केन्द्रित हुने हो भने स्थानीय स्तरमा विभिन्न खाले असन्तुष्टि पनि बढ्न सक्छन् । यसले सामाजिक तनावसमेत सिर्जना गर्न सक्छ । त्यसकारण पर्यटनको विकास समावेशी हुनुपर्छ । त्यसका लागि सरकारले अबिलम्ब ध्यान दिनुपर्छ ।

**पर्यावरणीय चुनौती**

नेपालको पर्यटनको प्रमुख आधार भनेको यहाँको प्रचुर प्राकृतिक सौन्दर्य हो । हिमाल, पहाड, नदीनाला, वनजंगल र जैविक विविधता नै नेपालका प्रमुख पर्यटकीय आकर्षणका स्रोत हुन् भन्दा फरक पर्दैन । तर अत्यधिक पर्यटक आगमनले यिनै सम्पदामा दबाब बढाउँछ । फोहोर व्यवस्थापन अहिले नै पनि ठूलो समस्या बनिसकेको छ । प्लास्टिकका बोतल, खाद्यान्नका प्याकेट र अन्य फोहोरले हिमाली तथा पदयात्रा मार्गहरू प्रदूषित हुँदै गएका छन् । पानीका स्रोतमा दबाब बढेको छ। वन्यजन्तुको बासस्थान प्रभावित भएको छ ।

यदि पर्यावरण संरक्षणमा ध्यान दिइएन भने पर्यटनले दीर्घकालीन रूपमा आफ्नै आधार नष्ट गर्ने जोखिम छ। अनि प्रकृति नै बिग्रियो भने भोलि पर्यटक पनि घट्नेछन् ।

**पर्यटन पूर्वाधार**

यसपालि विदेश घुम्न जाने पर्यटकलाई भारत सरकारले डलर सटही सुविधामा कडाई गरेपछि उनीहरूको गन्तव्य भारतीय मुद्रा (भारु) ले नै काम चल्ने नेपाल बनेको देखिन्छ। आउँदा वर्षहरूमा गर्मी छल्ने भारतीय पर्यटकको संख्या अझ बढ्ने सम्भावना बलियो पनि छ। भारतको बढ्दो मध्यम वर्ग, डिजिटल प्रचार र नेपालप्रतिको सकारात्मक धारणा हेर्दा यो प्रवृत्ति निरन्तर रहने देखिन्छ । त्यसकारण हामीले हेक्का राख्नुपर्ने के हो भने नेपालले अहिले नै निम्न क्षेत्रमा लगानी बढाउनुपर्छ-

*पर्यटकीय सडक तथा यातायात सुधार*
*होटल तथा होमस्टेको गुणस्तर वृद्धि*
*फोहोर व्यवस्थापन प्रणाली*
*सार्वजनिक शौचालय*
*डिजिटल सूचना प्रणाली*
*आपतकालीन उद्धार तथा स्वास्थ्य सेवा*
*पार्किङ र भीड व्यवस्थापन*
*पर्यटक सुरक्षाका लागि विशेष प्रहरी संयन्त्र*

**दिगो पर्यटन**

पर्यटक संख्या बढ्नु आफैँमा सफलता हो, तर केवल संख्या बढ्नु नै पर्यटन विकास होइन । दिगो पर्यटन भनेको पर्यटक, स्थानीय समुदाय, अर्थतन्त्र र वातावरणबीच सन्तुलन कायम गर्नु हो । नेपालले गुणस्तरीय पर्यटन मा जोड दिनुपर्छ। धेरैभन्दा धेरै पर्यटक भित्र्याउने भन्दा पनि राम्रो सेवा, सुरक्षित वातावरण र दिगो व्यवस्थापनमा ध्यान दिन आवश्यक छ ।

स्थानीय समुदायलाई पर्यटनबाट हुने लाभमा सहभागी-हिस्सेदार गराउने, स्थानीय उत्पादनको प्रयोग बढाउने, पर्यावरणीय नियम कडाइका साथ लागू गर्ने तथा पर्यटकबाट पनि जिम्मेवार व्यवहार प्रवर्द्धन गर्ने नीति आवश्यक छ ।

# आँपको सुगन्धले चिनिएको श्रीपुर गाउँ

जनकपुरधाम । गर्मीयाम सुरु हुनासाथ सप्तरीको सुरुङ्गा नगरपालिका-६ स्थित श्रीपुर गाउँको हावा नै आँपको सुगन्धले भरिन थाल्छ । हरियालीले ढाकिएका बगैँचामा लटरम्म झुन्डिएका पहेँलपुर आँप, बोटमुनि व्यस्त किसान र गाउँमै आइपुग्ने व्यापारीको भीडले श्रीपुरको दैनिकी फेरिदै गएको छ। यही दृश्यले अहिले श्रीपुरलाई 'आँपको गाउँ'का रूपमा छुट्टै पहिचान दिलाइरहेको छ।

पूर्व-पश्चिम राजमार्ग हुँदै सिरहाको लहानबाट करिब आठ किलोमिटर पूर्व र त्यहाँबाट चुरे क्षेत्रतर्फ करिब एक किलोमिटर उत्तर लागेपछि पुगिने यो गाउँमा आँप केवल फल मात्र होइन, यहाँका वासिन्दाहरुको जीवनको आधार हो । यहाँका अधिकांश परिवारको आयआर्जन, शिक्षा, रोजगारी र आर्थिक गतिविधिको केन्द्रबिन्दु नै आँप खेती बनेको छ।



गाउँका प्रायः हरेक घरसँग जोडिएका साना-ठूला बगैँचामा माल्दह, दशहरी, लङ्गडा, चौँसा, बम्बई र अम्रपालीलगायतका जातका आँप फल्छन्। यस गाउँका अधिकांश किसानले दशकौँदेखि आँप खेतीलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् । साना-ठूला बगैँचासहित धेरै किसानले व्यावसायिक रूपमा सयौँ बोट आँप लगाएका छन् । यहाँ माल्दह, दशहरी, लङ्गडा, बम्बई, चौँसा, अम्रपालीलगायतका जातका आँप उत्पादन हुन्छन्। अनुकूल हावापानी, उर्वर माटो र किसानको अनुभवका कारण यहाँको आँप स्वाद, मिठास र गुणस्तरका हिसाबले बजारमा लोकप्रिय मानिन्छ।

गर्मी सुरु भएसँगै श्रीपुरका बगैँचामा व्यापारीको चहलपहल बढ्ने गर्छ । व्यापारी गाउँमै पुगेर बोटबाटै आँप खरिद गर्छन् र त्यसपछि उत्पादन जनकपुरधाम, राजविराज, विराटनगर, काठमाडौंलगायतका बजारमा पुग्ने गरेको छ। उत्पादन राम्रो भएका वर्षमा यहाँको आँप भारतीय सीमावर्ती बजारसम्म पनि निर्यात हुने गरेको स्थानीय किसान दिनेश चौधरी बताउनुहुन्छ । उहाँका अनुसार आँप खेतीले गाउँमा नगद आम्दानी भित्र्याउनुका साथै सयौँ स्थानीयलाई मौसमी रोजगारी उपलब्ध गराएको छ । आँप टिप्ने, वर्गीकरण गर्ने, प्याकिङ गर्ने र बजारसम्म पुऱ्याउने काममा परिवारका सदस्यदेखि स्थानीय युवासम्मको सक्रिय सहभागिता रहने गरेको छ।

स्थानीय किसान जगदीश चौधरीका अनुसार आँप खेतीले गाउँको सामाजिक सम्बन्धलाई पनि बलियो बनाएको छ । बगैँचा संरक्षणदेखि फल सङ्कलन र ढुवानीसम्मका काममा सामूहिक श्रम र सहकार्यको संस्कृति विकास भएको उहाँको भनाइ छ। पछिल्लो डेढ दशकदेखि व्यावसायिक रूपमा आँप खेती गर्दै आएका किसान चौधरीले यसवर्ष करिब सात लाख रुपैयाँ आम्दानी हुने अपेक्षा गर्नुभएको। "एक वर्षमै पाँचदेखि सात लाख रुपैयाँसम्मको आँप उत्पादन हुन्छ भन्ने विश्वास नै थिएन," उहाँ भन्नुहुन्छ, "उत्पादन बढेपछि थप दुई बिघा क्षेत्रमा आँप विस्तार गर्ने योजना बनाएको छु।" उहाँले आँप बिक्रीबाट पक्की घर निर्माण गर्नुका साथै आफ्ना छोराछोरीलाई निजी विद्यालयमा अध्ययन गराउन सफल भएको बताउनुहुन्छ । उहाँका अनुसार आँप खेतीले परिवारको आर्थिक अवस्था उल्लेखनीय रूपमा सुधार भएको छ।

स्थानीय किसान रामवीर चौधरीले यस वर्ष आँपको राम्रो उत्पादन हुने अपेक्षामा थप बगैँचा खरिद गर्नुभएको थियो। तर असिना र हुरीका कारण अपेक्षाभन्दा कम उत्पादन भएको उहाँको भनाइ छ । "मौसमले साथ दिएको भए यसबर्ष १२/१३ लाख रुपैयाँभन्दा बढीको आँप उत्पादन हुने थियो," उहाँ भन्नुहुन्छ, "बजारमा मूल्य केही घटेपनि यस वर्ष घाटा भने नलागेको उहाँको कथन छ। गतवर्ष उत्पादन कम भएकाले आँपको मूल्य उच्च रहेको स्मरण गर्दै किसान सञ्जीव चौधरीले यस वर्ष उत्पादन बढेपछि मूल्य घटेको बताउनुहुन्छ "उत्पादन धेरै भएपछि सस्तो मूल्यमा बिक्री गर्नुपऱ्यो, तर घाटा भने भएन्," उहाँले भन्नयो।

श्रीपुरका अधिकांश परिवारको नगद आम्दानीको मुख्य आधार नै आँप बिक्री हो । कतिपय परिवारले यही आम्दानीबाट आफ्ना छोराछोरीको शिक्षा, स्वास्थ्य र दैनिक खर्च धान्दै आएका छन्। यद्यपि आँप खेती चुनौतीरहित छैन्। असिना, हुरी, लामो खडेरी तथा असमयको वर्षाले उत्पादनमा प्रत्यक्ष असर पार्ने गरेको किसानको अनुभव छ। रोग-कीराको प्रकोप, आधुनिक भण्डारण सुविधाको अभाव, प्रशोधन उद्योग नहुनु र बजार मूल्यमा हुने उतारचढावले किसानको आम्दानीलाई अझै अस्थिर बनाइरहेको किसानहरुको भनाइ छ।

कृषि विज्ञ दिनेश यादवका अनुसार श्रीपुरमा आधुनिक बगैँचा व्यवस्थापन, सिँचाइ विस्तार, कोल्ड स्टोर, प्याकिङ केन्द्र तथा आँप प्रशोधन उद्योग स्थापना गर्न सके यस क्षेत्रको आर्थिक सम्भावना उल्लेखनीय रूपमा बढ्न सक्छ। आँपबाट जुस, पल्प, अचार, सुकुटी आँपलगायत मूल्य अभिवृद्धि भएका उत्पादन विकास गर्न सके किसानको आम्दानी बढ्नुका साथै स्थानीय स्तरमै रोजगारी सिर्जना हुने उहाँको भनाइ छ । किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैंचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि हावाहुरी र रोग-कीराको प्रकोपका कारण यसवर्ष उत्पादन घटेको कृषि विज्ञ यादवले बताउनुभयो।

पछिल्ला वर्षमा श्रीपुरलाई 'आँपको गाउँ' का रूपमा प्रवर्द्धन गर्ने प्रयास पनि तीव्र बन्दै गएको छ। सरकार पनि सप्तरीलाई आँप पकेट क्षेत्रको रुपमा विकास गर्न थालेको छ । बगैँचा अवलोकन, स्थानीय उत्पादनको प्रदर्शनी र कृषि पर्यटनसँग जोड्ने कार्यक्रम सञ्चालन गर्न सके श्रीपुरले राष्ट्रियस्तरमा छुट्टै पहिचान बनाउन सक्ने सुरुङ्गा नगरपालिका-६ का वडाध्यक्ष दिनेशकुमार राम बताउनुहुन्छ।

उहाँका अनुसार प्राकृतिक सौन्दर्य, हरियाली र स्वादिलो आँपले आन्तरिक पर्यटक आकर्षित गर्ने पर्याप्त आधार रहेको छ । किसानको मेहनत, आधुनिक प्रविधिको प्रयोग, प्रभावकारी बजार व्यवस्थापन र सरकारी सहयोगलाई एकीकृत गर्न सके श्रीपुरले भविष्यमा नेपालको फलफूल उत्पादन र कृषि पर्यटनको सफल नमुनाका रूपमा स्थापित हुने सम्भावना प्रबल रहेको वडाअध्यक्ष रामको कथन छ । कृषि ज्ञान केन्द्र सप्तरीका अनुसार सप्तरीमा यसवर्ष आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिकटन आँप उत्पादन भएको छ।

तराईको उर्बर भूमि र अनुकूल हावापानीका कारण सप्तरीलाई आँप उत्पादनको केन्द्र मानिन्छ । मिठास र स्वादका लागि देशभर प्रसिद्धि कमाएको सप्तरीको आँपले यसवर्ष पनि किसानलाई राम्रो आम्दानी दिएको छ । प्रदेश सरकारले फलफूलखेती विस्तार, व्यावसायिक बगैँचा प्रवर्द्धन, उन्नत बिरुवा वितरण तथा बजार व्यवस्थापनमा जोड दिँदै आएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशनकुमार मेहता बताउनुहुन्छ। उहाँका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

आँप उत्पादनका लागि अग्रणी मानिएको मधेस प्रदेशमा यसवर्ष आँपखेतीको क्षेत्रफल बढेपनि उत्पादन र उत्पादकत्वमा कमी आएको छ। रासस

# राजविराज–भारदह सडक अलपत्र

राजविराज । राजविराज-भारदह सडक निर्माण अलपत्र परेको छ।



उक्त सडक निर्माणको जिम्मा लिएको शाह इन्जिनियरिङ कन्स्ट्रक्सनले निर्माण पूरा नगरिदिएकाले सडक अलपत्र परेका हो।

निर्माण कार्य पूरा नभएपछि अलपत्र पारिएको सो सडकबाट निस्कने धुलो र दैनिक सञ्चालन हुने सार्वजनिक यातायातले छोड्ने धुवाँका कारण स्थानीयले दैनिक हैरानी खेप्नुपरेको छ।

झलहीदेखि हनुमाननगर कङ्कालिनी नगरपालिकाको इनर्वासम्मकोआठकिलोमिटरसडक ठेकेदारले भताभुङ्ग छोडिदिएका कारण धुलोबाट सर्वसाधारण हैरानी भएका हुन्।

"राजविराज-भारदह सडकखण्डको ठेक्का लागेको लामो भए पनि निर्माण कार्यले गति लिन सकेको छैन । सडक खनेर छाडिएको छ", राजविराज नगरपालिका-११ स्थित झलहीका श्रवण यादवले गुनासो गर्नुभयो

उहाँ भन्नुहुन्छ, "राजविराजबाट पूर्वतर्फ विराटनगर र धरान जानका लागि यही राजविराज-भारदह सडक मुख्य बाटो भएकाले खनिएको सडकमा दैनिक चल्ने सवारीसाधनका कारण सडकमा हिँड्नेदेखि साइकलयात्री तथा सर्वसाधारणलाई मर्का परेको छ।"

सडक डिभिजन कार्यालय लहानमार्फत रु २२ करोड ५३ लाख लागतमा ठेक्का सम्झौता भएको उक्त सडक निर्माणको म्याद पटकपटक थपिँदै आएको छ। रासस


## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा
### म्याद तामेली सम्बन्धी ३०(तिस) दिने सार्वजनिक सूचना

जि.धनुषा यज्ञभूमि गा.वि.स.वा.नं.९ हाल धनुषाधाम नगरपालिका वा.नं.९ मा बस्ने सुनर साफीको नाति कुसेश्वर साफीको छोरा चन्द्रनारायण साफी-१ वादी र ऐ.ऐ.मा बस्ने कृष्ण दरनाल कामी प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.८७ डा.मि.२०८३/०१/२२ गतेको मरुवा मोही लगत कट्टा मुद्दामा विपक्षी/ प्रतिवादीका नाउँमा जारी भएको १५पन्ध्र दिने म्याद बेपत्ते म्याद तामेली भई आएको हुँदा कार्वाहीको सिलसिलामा मिति २०८३/०३/१८ गतेमा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १०५ को उपदफा २२ बमोजिम प्रतिवादी नाउँको म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशानुसार तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३०(तिस) दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतः फिरादी चन्द्रनारायण साफीको नाउँमा दर्ता कायम रहेको उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गाबाट मरुवा मोही कृष्ण दरलान कामीको लगत कट्टा गरि पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज विपक्षी प्रतिवादी मोही भए निज स्वयम् वा निजको एका संगोल परिवारका हक अपुताली खाने नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३०(तिस) दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफैँ वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गाको मरुवा मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३०(तिस) दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

**तपसिल**

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनिको नाम , थर |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | यज्ञभूमि | ९ख | १५९ | ०-३-० | चन्द्रनारायण साफी |

## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा
### म्याद तामेली सम्बन्धी ३०(तिस) दिने सार्वजनिक सूचना

जि.धनुषा यज्ञभूमि गा.वि.स.वा.नं.९ हाल धनुषाधाम नगरपालिका वा.नं.९ मा बस्ने कुशेश्वर साफीको बुहारी चन्द्र नारायण साफीको श्रीमति उर्मिला देवी साफी-१ वादी र ऐ.ऐ.मा बस्ने कृष्ण दरनाल कामी प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.८८ डा.मि.२०८३/०१/२२ गतेको मरुवा मोही लगत कट्टा मुद्दामा विपक्षी/ प्रतिवादीका नाउँमा जारी भएको १५पन्ध्र दिने म्याद बेपत्ते म्याद तामेली भई आएको हुँदा कार्वाहीको सिलसिलामा मिति २०८३/०३/१८ गतेमा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १०५ को उपदफा २२ बमोजिम प्रतिवादी नाउँको म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशानुसार तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३०(तिस) दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतः फिरादी उर्मिला देवी साफीको नाउँमा दर्ता कायम रहेको उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गाबाट मरुवा मोही कृष्ण दरलान कामीको लगत कट्टा गरि पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज विपक्षी प्रतिवादी मोही भए निज स्वयम् वा निजको एका संगोल परिवारका हक अपुताली खाने नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३०(तिस) दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफैँ वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गाको मरुवा मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३०(तिस) दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

**तपसिल**

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनिको नाम , थर |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | यज्ञभूमि | ९ख | १६७ | ०-४-५ | उर्मिला देवी साफी |

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/१९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८३/०३/२५ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी**

**बोलपत्र खोलिने मिति/समय** — **२०८३/०३/२९ गते, सोमबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी |
|---|---|
| | **ऋणीको नाम, ठेगाना** |
| १. | **नाम : आईशा सेल्स ट्रेडिङ प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. २५६०९९/०७७/०७८, दर्ता मिति : २०७७/११/०४, पान नं. ६०९९३८००५, दर्ता मिति : २०७७/११/०४<br>ठेगाना : धनुषा जिल्ला, क्षिरेश्वरनाथ वडा नं. ५, महेन्द्रनगर<br>**संचालक : श्याम सुन्दर महतो** |

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : श्याम सुन्दर महतो**<br>ना.प्र.नं. १७३०८७/६०३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>बाबुको नाम : नबल किशोर महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ | **२. नाम : सुनिता सिंह**<br>ना.प्र.नं. १७३०७८७/९०८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०१<br>पतिको नाम : श्याम सुन्दर महतो<br>ससुराको नाम : नबल किशोर महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| **३. नाम : नबल किशोर महतो**<br>ना.प्र.नं. १७३०८७/४५६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२८<br>बाबुको नाम : राम नारायण महतो<br>बाजेको नाम : बशंराज महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ | **४. नाम : रेखा कुमारी महतो**<br>ना.प्र.नं. १७३०८७/९०६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०१<br>पतिको नाम : राम पुकार महतो<br>ससुराको नाम : नवल किशोर महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| **५. नाम : शोभा कुमारी**<br>ना.प्र.नं. १७-०१-७७-०१७७४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०७७/०६/०९<br>पतिको नाम : राम मनोज महतो<br>ससुराको नाम : नवल किशोर महतो<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. ५ | **६. नाम : राम कुमारी देवी कोइरीन**<br>ना.प्र.नं. १०९८३-८२८८११२७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०३४/०६/१८<br>पतिको नाम : नवल किशोर महतो<br>ससुराको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |
| **७. नाम : राम पुकार महतो**<br>ना.प्र.नं. १७३०८७/६१८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>बाबुको नाम : नबल किशोर महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ | **८. नाम : राम मनोज महतो**<br>ना.प्र.नं. १७३०८७/६१३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/११/२९<br>बाबुको नाम : नबल किशोर महतो<br>बाजेको नाम : राम नारायण महतो<br>ठेगाना : धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. ८ |

**धितोको विवरण**

१. आईशा सेल्स ट्रेडिङ्गको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ८२२ र ५४७ को क्षेत्रफल क्रमशः ०-०-११-४ र ०-३-६-८ विगाहा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ७९४ को क्षेत्रफल १-३-१३-० विगाहा तथा धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १६ स्थिल कित्ता नं. २९५ र ३४० को क्षेत्रफल क्रमशः ८४.६५ र २२५.६५ वर्गमिटर भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२. राम मनोज महतोको नाममा मालपोत कार्यालय सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, बडहरामाल गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. १९५ को क्षेत्रफल ०-४-१६-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

३. नबल किशोर महतोको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९६३, ३९३, ९५८ र ९६० को क्षेत्रफल क्रमशः ०-१-१०-०, ०-१-११-०, ०-०-११-४ र ०-३-०-० विगाहा, धनुषा जिल्ला, शान्तिपुर गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ९६४ को क्षेत्रफल ०-१-१०-० विगाहा, धनुषा जिल्ला, दिगम्बरपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २३१ को क्षेत्रफल ०-१३-०-० विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

४. राम पुकार महतोको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, नकटाझिझ गा.वि.स. वडा नं. १ ख स्थित कित्ता नं. ४८१ को क्षेत्रफल ०-९-१५-८ विगाहा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा
### म्याद तामेली सम्बन्धी ३०(तिस) दिने सार्वजनिक सूचना

जि.धनुषा यज्ञभूमि गा.वि.स.वा.नं.१ हाल धनुषाधाम नगरपालिका वा.नं.९ मा बस्ने सुलमान विश्वकर्माको बुहारी पूर्ण बहादुर विश्वकर्माको श्रीमती बर्ष ६९ को सुमिन्त्रा विश्वकर्मा-१ वादी र ऐ.ऐ.मा बस्ने कृष्ण दरनाल कामी प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.८६ डा.मि.२०८३/०१/२२ गतेको मरुवा मोही लगत कट्टा मुद्दामा विपक्षी/ प्रतिवादीका नाउँमा जारी भएको १५पन्ध्र दिने म्याद बेपत्ते म्याद तामेली भई आएको हुँदा कार्वाहीको सिलसिलामा मिति २०८३/०३/१८ गतेमा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १०५ को उपदफा २२ बमोजिम प्रतिवादी नाउँको म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशानुसार तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३०(तिस) दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतः फिरादी सुमिन्त्रा विश्वकर्माको नाउँमा दर्ता कायम रहेको उल्लेखित तपसिल बमोजिमको कित्ता जग्गाबाट मरुवा मोही कृष्ण दरलान कामीको लगत कट्टा गरि पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज विपक्षी प्रतिवादी मोही भए निज स्वयम् वा निजको एका संगोल परिवारका हक अपुताली खाने नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३०(तिस) दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफैँ वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता जग्गाको मरुवा मोही लगत कट्टा हुनेछ। पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३०(तिस) दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ।

**तपसिल**

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनिको नाम, थर |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | यज्ञभूमि | १ग | १७४ | ०-१३-८-८ | सुमिन्त्रा विश्वकर्मा |

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जनकपुरका, तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा) चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति २०८३/०३/१९ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका ऋणी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/१०/१३ मा प्रा.फ.र.नं. १६८८७/१६७७/२०७७/०७८ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०७७/०६/०५ मा करदताको नाम पिंकी साह कारोवारको नाम **नैन्सी फार्मेसी** भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१३६९७९५८ दर्ता भई धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका, वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको नैन्सी फार्मेसी (प्रो. पिंकी साह) ले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुँदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्तालाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री/**धितो सकार** गरी आंशिक कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा चुक्ता नभएको हुँदा नेपाल राष्ट्र बैंकबाट "क" "ख" "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन नं. १२/०८२, नं. ९ (४) वमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ। अतः यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं जमानतकर्ताहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरासमेत यसै सूचना वमोजिम जानकारी गराउँदछौं। बैंकको उल्लेखित काम कारवाहीबाट तपाईं जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ।

**तपसिल**

**जमानतकर्ताको विवरण:**

**जमानतकर्ता : संजय साह** (ना.प्र.नं. १९२०९७/५७, जारी मिति २०६४/०९/१९, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही)। ठेगाना : सर्लाही जिल्ला बरहथवा न.पा. वडा नं. ८। बाबु : शंकर साह तेली। बाजे : अनुपलाल साह तेली।

prabhu bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

# सांसद महतो भन्छन् – मधेश सरकार दास र लाश हुन्

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेशसभाको बजेट अधिवेशनमा जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता तथा प्रदेशसभा सदस्य उपेन्द्र महतोले मुख्यमन्त्रीदेखिमन्त्रीसम्मलाई कडा शब्दमा आलोचना गरेका छन् ।

उनले प्रदेश सरकारका नेतृत्वकर्ताले संघीयताको मर्मविपरीत गतिविधि गरिरहेको आरोप लगाउँदै उनीहरूलाई 'दास र लाश' को संज्ञा दिएका हुन् ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमाथि छलफल गर्न बसेको प्रदेशसभा बैठकमा बोल्दै महतोले मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले संघीयता कमजोर पार्ने दिशामा काम गरिरहेको दाबी गरे। उनका अनुसार सरकारले रेडबुकमा समावेश नै नभएका योजनालाई अघि बढाएर आर्थिक वर्षको अन्तिम समयमा ठूलो रकमको टेन्डर प्रक्रिया अघि सारेको छ ।

महतोले विशेषगरी रौतहट पूर्वाधार विकास कार्यालयमार्फत २०८३ असार १५ गते ३० करोड ८ लाख रुपैयाँ बराबरका पाँचवटा योजना तथा असार १७ गते १ अर्ब ३५ करोड रुपैयाँ बराबरका १० वटा कार्यक्रमको टेन्डर आह्वान गरिएको विषय उठाए। उनका अनुसार आर्थिक वर्षको अन्त्यमा मात्रै कुल १ अर्ब ६५ करोड रुपैयाँ बराबरका योजना अघि बढाइएको छ, जसले प्रदेशमाथि अनावश्यक आर्थिक दायित्व थप्ने अवस्था सिर्जना गरेको छ।

उनले मुख्यमन्त्री कृष्णप्रसाद यादव, भौतिक पूर्वाधार विकास मन्त्री मोहम्मद समीर तथा अन्य मन्त्रीहरूले एउटै गृहजिल्ला रौतहटलाई केन्द्रित गरेर योजना अघि बढाएको आरोप लगाए। रेडबुकमै उल्लेख नभएकायोजनामाठूलो रकम खर्च गर्ने निर्णयले प्रदेश सरकारको नियतमाथि प्रश्न उठाएको उनको भनाइ थियो।

भाषणका क्रममा महतोले नेपाली कांग्रेसका सभापति गगन थापाको 'कांग्रेस दास र लाशको पार्टी होइन' भन्ने अभिव्यक्तिको पनि उल्लेख गरे । त्यसै सन्दर्भमा उनले प्रदेश सरकारमा रहेका सत्तारुढ दलका नेताहरूलाई लक्षित गर्दै, "तपाईंहरू दास र लाश नै हुनुहुन्छ," भन्दै आलोचना गरे। उनका अनुसार सत्तारुढ दलका प्रदेशस्तरीय नेतृत्वले गरेका गतिविधिका कारण उनीहरू आफैं र आफ्ना राजनीतिक दलको छविलाई कमजोर बनाइरहेका छन् ।

महतोले नेपाली कांग्रेसका सभापति गगन थापा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' तथा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीलाई पनि सम्बोधन गर्दै मधेश प्रदेश सरकारमा रहेका आफ्ना पार्टीका नेताहरूको गतिविधिप्रति ध्यान दिन आग्रह गरे । उनले प्रदेश सरकारमा सहभागी दलका नेताहरूले संघीय व्यवस्थालाई कमजोर पार्ने काम गरिरहेको आरोप लगाउँदै आफ्ना पार्टीलाई 'दास र लाश' बन्नबाट जोगाउन आवश्यक कदम चाल्न सुझाव दिए ।

विज्ञापन नितीमा परिवर्तन

# विज्ञापन प्रकाशनदेखि डिजिटल विज्ञापनमा नियमनसम्मको निर्णय

**बिहीबार मन्त्रिपरिषद्को बसेको बैठकले स्वीकृत गरेको उक्त नीतिले परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, इन्फ्लुएन्सर मार्केटिङ तथा कृत्रिम बौद्धिकता (एआई) को प्रयोगबाट हुने विज्ञापनलाई समेत नियमनको दायरामा ल्याउनुपर्ने आवश्यकतामा जोड दिइएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारी विज्ञापन सरकारी संचारमाध्यममै गराउनुपर्ने सरकारको निर्णय विरुद्ध देशभर आलोचना भइरहेको बेला विज्ञापन क्षेत्रलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी र आधुनिक प्रविधिअनुकूल बनाउने उद्देश्यसहित 'राष्ट्रिय विज्ञापन नीति, २०८३' स्वीकृत गरिएको छ ।



बिहीबार मन्त्रिपरिषद्को बसेको बैठकले स्वीकृत गरेको उक्त नीतिले परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, इन्फ्लुएन्सर मार्केटिङ तथा कृत्रिम बौद्धिकता (एआई) को प्रयोगबाट हुने विज्ञापनलाई समेत नियमनको दायरामा ल्याउनुपर्ने आवश्यकतामा जोड दिइएको छ।

सरकारी विज्ञापन वितरण तथा भुक्तानी प्रक्रियालाई पारदर्शी बनाउन एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ । स्थानीय तथा प्रदेशस्तरका सूचना र विज्ञापन सोही तहका सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था गरिनेछ भने जनहितका विज्ञापनलाई समानुपातिक र समन्यायिक ढङ्गले वितरण गरिने नीति छ।

स्थानीय भाषा, संस्कृति तथा समुदायमा आधारित सञ्चारमाध्यम संरक्षणका लागि समेत विज्ञापनमार्फत सहयोग गर्ने व्यवस्था मिलाइने भएको छ । संस्थागत व्यवस्थाअन्तर्गत संघ, प्रदेश र स्थानीय तहले संयुक्त रूपमा नीति कार्यान्वयन गर्नेछन् ।

विज्ञापन बोर्डलाई थप स्वायत्त, अधिकारसम्पन्न र स्रोतयुक्त निकायका रूपमा विकास गरिनेछ। प्रदेशमा विज्ञापन अनुगमन तथा नियमन समिति र स्थानीय तहमा पालिका विज्ञापन समिति गठन गर्न सकिने व्यवस्था गरिएको छ। साथै विज्ञापनको अनुगमन, नियमन र स्वनियमनका लागि राष्ट्रिय विज्ञापन परिषद् गठन गरिने नीतिमा उल्लेख छ।

विज्ञापन बजारलाई पारदर्शी बनाउन एकीकृत सूचना प्रणाली, सूचना बैंक तथा सञ्चारमाध्यमको वर्गीकरण र स्तरीकरणको व्यवस्था गरिनेछ । सरकारले विज्ञापन बजारमा बढ्दो अन्तरष्ट्रिय प्रतिस्पर्धा, बहुराष्ट्रिय कम्पनीको प्रभाव, डिजिटल प्रविधिको तीव्र विस्तार तथा उपभोक्तालाई सही सूचना उपलब्ध गराउने आवश्यकतालाई ध्यानमा राख्दै नयाँ नीति ल्याएको हो।

साथै तथ्यहीन र भ्रामक विज्ञापनलाई कारबाहीको दायरामा ल्याउने तथा त्यसबाट उपभोक्तालाई क्षति पुगे क्षतिपूर्तिको व्यवस्था गर्ने गरिने पनि नीतिमा उल्लेख छ । विज्ञापन बजार विस्तार, सञ्चारमाध्यमको वैज्ञानिक वर्गीकरण, विज्ञापनको प्रभावकारी अनुगमन तथा नियमन, सरोकारवालाबीच समन्वय र संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखिएको छ।

नीतिअनुसार स्वदेशी वस्तु तथा सेवाको विज्ञापनलाई विशेष सहुलियत प्रदान गर्ने तथा विदेशी वस्तु तथा सेवा बिक्री गर्ने कम्पनीलाई आफ्नो कारोबारको निश्चित हिस्सा उपभोक्ता सचेतना कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरिने जनाइएको छ।

विज्ञापनमा गरिएको लगानीलाई कर प्रणालीसँग जोड्ने, न्यूनतम मूल्य सार्वजनिक गर्न प्रोत्साहन गर्ने तथा विज्ञापनमा पछि परेका क्षेत्रलाई विशेष प्रोत्साहन उपलब्ध गराउने व्यवस्था पनि गरिने नीतिमा उल्लेख छ।

सरकारले विज्ञापनलाई समाचारको रूपमा र समाचारलाई विज्ञापनको रूपमा प्रस्तुत गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति लिएको छ। विज्ञापन दिएको वा नदिएको आधारमा सकारात्मक वा नकारात्मक समाचार प्रकाशन-प्रसारण हुने अवस्थालाई रोक्न आवश्यक कानुनी तथा नियामकीय व्यवस्था गरिने उल्लेख गरिएको छ।

नयाँ नीतिको सबैभन्दा महत्वपूर्ण पक्ष डिजिटल विज्ञापनको नियमन हो। सरकारले सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म तथा इन्फ्लुएन्सरमार्फत गरिने विज्ञापनमा अनिवार्य स्वघोषणाको व्यवस्था गर्ने नीति लिएको छ।

एआईबाट सिर्जना गरिएका 'डीपफेक' विज्ञापनलाई कानुनी रूपमा नियमन गरिने जनाइएको छ । भ्रामक, तथ्यहीन वा उपभोक्तालाई नकारात्मक असर पार्ने विज्ञापनमाथि कडा नियन्त्रण गरिनेछ।

उपभोक्तालाई क्षति पुगेमा क्षतिपूर्तिको व्यवस्था गरिनेछ भने उपभोक्ता शिक्षा, जनचेतना तथा विज्ञापनसम्बन्धी तालिमलाई देशव्यापी बनाइने उल्लेख गरिएको छ। विज्ञापनको गुणस्तर कायम गर्न स्वनियमन संयन्त्र, आचारसंहिता र कारबाही प्रणालीलाई प्रभावकारी बनाइने नीति सरकारले अघि सारेको छ।

नीतिले सामाजिक न्यायलाई पनि विशेष प्राथमिकता दिएको छ। कुनै वर्ग, जातजाति, धर्म, भाषा, संस्कृति, समुदाय वा लिङ्गप्रति विभेद हुने विज्ञापन गर्न नपाइने व्यवस्था गरिनेछ। लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायको सम्मान हुने गरी विज्ञापन निर्माण गर्नुपर्ने व्यवस्था गरिएको छ।

विज्ञापन कोष स्थापना गरी सरकार, शुल्क, विज्ञापन कारोबार तथा विभिन्न निकायबाट प्राप्त रकम त्यसमा जम्मा गरिने व्यवस्था हुनेछ। उक्त कोषबाट विज्ञापन बजार विकास, अनुसन्धान, तथ्याङ्क प्रणाली, सूचना बैंक, सञ्चारमाध्यम वर्गीकरण, उपभोक्ता सचेतना तथा विज्ञापन व्यवसायीको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन्।

सरकारको यो नीति कार्यान्वयनमा आएपछि नेपालको विज्ञापन बजारमा डिजिटल नियमन, उपभोक्ता संरक्षण, सरकारी विज्ञापन वितरण, सञ्चारमाध्यमको वर्गीकरण, विज्ञापनको पारदर्शिता तथा विज्ञापन उद्योगको संस्थागत विकासमा उल्लेखनीय परिवर्तन आउने अपेक्षा गरिएको छ।

# अनुदान कटौतीले दर्जनौ योजना प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । चालु आर्थिक वर्षमा संघीय सरकार र मधेश प्रदेश सरकारले अनुदान रकम कटौती गरेपछि बाराको कोल्हवी नगरपालिकाका दर्जनौं विकास योजना प्रभावित भएका छन् ।

बजेट अभावका कारण केही योजना अलपत्र परेका छन् भने सम्पन्न भइसकेका योजनाको भुक्तानी गर्न समेत नगरपालिकालाई चुनौती बनेको छ।




नगरपालिकाका अनुसार चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारले वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदानअन्तर्गत प्राप्त हुने करिब २ करोड रुपैयाँ कटौती गरिएको छ। त्यस्तै, संघीय सरकारले पनि समपूरक, सशर्त र विशेष अनुदानमा विनियोजन गरेको ४६ करोड २६ लाख रुपैयाँमध्ये ३० प्रतिशत अर्थात् १३ करोड ८७ लाख रुपैयाँ कटौती गरेको छ।

वडा नं. ९ का अध्यक्ष विष्णुप्रसाद मैनालीले बजेट कटौतीका कारण कृषि, पूर्वाधार र अन्य विकास योजनामा प्रत्यक्ष असर परेको बताए। उनका अनुसार प्रदेश सरकारको बजेटबाट कृषि सिँचाइका लागि तार र पोल खरिद गर्ने योजना रहे पनि अनुदान नआएपछि किसानहरू महँगो डिजेल प्रयोग गरेर सिँचाइ गर्न बाध्य भएका छन्। यसले खेतीको लागतसमेत बढाएको उनले बताए।

मधेश प्रदेश सरकारले भने विगतमा खोलाजन्य पदार्थको ठेक्काबाट उठेको राजस्वमध्ये प्रदेशलाई बुझाउनुपर्ने करिब ३ करोड रुपैयाँ समयमै नबुझाएकै कारण बजेट कटौती गरिएको जनाएको छ।

कार्यपालिका सदस्य मैनालीले निजगढ र जीतपुरसिमरा नगरपालिकाको रोकिएको बजेट फुकुवा गर्ने तर कोल्हवीको मात्र कटौती गर्नु विभेदपूर्ण भएको टिप्पणी गरे।

यसैबीच, कोल्हवी नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ७१ करोड ६६ लाख १९ हजार रुपैयाँको बजेट पारित गरेको छ । बुधबार सम्पन्न नगरसभाले नीति तथा कार्यक्रमसँगै बजेट अनुमोदन गरेको हो। बजेटअनुसार राजस्व बाँडफाँटबाट १३ करोड १७ लाख ११ हजार, संघीय सरकारको वित्तीय समानीकरण अनुदानबाट १३ करोड ८१ लाख तथा सशर्त अनुदानबाट २७ करोड २३ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

तर, नगरपालिकाले आन्तरिक आयतर्फ १५ करोड ७० लाख रुपैयाँ उठाउने लक्ष्य राखेको छ। जबकि हालसम्म वार्षिक औसत आन्तरिक आम्दानी करिब ३ करोड रुपैयाँ मात्र रहेको छ । बजेट कटौतीपछि सिर्जना भएको दायित्व व्यवस्थापन गर्न आन्तरिक आयको लक्ष्य अस्वाभाविक रूपमा बढाइएको हुन सक्ने आकलन गरिएको छ।

आगामी आर्थिक वर्षका लागि चालु खर्चतर्फ ४० करोड २४ लाख ६० हजार रुपैयाँ तथा पुँजीगत खर्चतर्फ ३१ करोड ४१ लाख ५९ हजार रुपैयाँ विनियोजन गरिएको छ। नगरप्रमुख रामप्रसाद चौधरीले सीमित स्रोतसाधनका बीच नगरपालिकाले सकेसम्म विकासका कामलाई निरन्तरता दिएको बताए।

संघीय सरकारले ३० प्रतिशत बजेट कटौती गरेपछि विकास आयोजना सञ्चालन र सम्पन्न योजनाको भुक्तानी व्यवस्थापनमा थप दबाब परेको उनको भनाइ छ । नगरप्रमुख चौधरीका पिताको निधन भएका कारण असार १० गते उद्घाटन भएको नगरसभा असार १७ गते मात्र समापन गरिएको थियो।

नगरसभामा संघ र प्रदेश सरकारबाट भएको बजेट कटौतीबारे सदस्यहरूलाई औपचारिक जानकारी गराइएको थियो । उपप्रमुख लक्ष्मीकुमारी चौधरीले प्रस्तुत गरेको आय-व्यय विवरणमा आगामी आर्थिक वर्षदेखि करको दायरा विस्तार गर्ने, करको दर पुनरावलोकन गर्ने तथा सम्पत्ति कर कार्यान्वयन गर्ने नीति लिइएको भनिएको छ।

नगरपालिकाको प्रमुख आन्तरिक आम्दानीको स्रोत खोलाजन्य पदार्थको ठेक्का भए पनि यस वर्ष प्रदेश वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदन समयमै स्वीकृत नहुँदा ठेक्का प्रक्रिया प्रभावित भई राजस्व संकलनमा समेत असर परेको उल्लेख छ।

# एमाले नेता महतो पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । असई थमन विक हत्या प्रकरणमा उच्च अदालतबाट दोषी ठहर भएका नेकपा एमालेका नेता एवं पूर्व प्रतिनिधि सभा सदस्य लक्ष्मी महतो कोइरी पक्राउ परेका छन् ।



बुधवार उच्च अदालत जनकपुरधामबाट आरोप ठहर भई पाँच वर्ष कैद सजाय पाएका नेकपा एमालेका पूर्वप्रतिनिधिसभा सदस्य महतोलाई प्रहरीले महोत्तरीको गौशाला नगरपालिका क्षेत्रबाट बिहीवार बेलुका ६ बजेतिर पक्राउ गरेको हो ।

पक्राउपछि अदालतको फैसला कार्यान्वयन प्रक्रियाका लागि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

कोइरीलाई यसअघि महोत्तरी जिल्ला अदालतले उक्त मुद्दामा सफाइ दिएको थियो । तर, उच्च अदालत जनकपुरले जिल्ला अदालतको फैसला आंशिक रूपमा उल्टाउँदै उनलाई दोषी ठहर गर्दै पाँच वर्ष कैद सजाय सुनाएको थियो ।

उच्च अदालतको फैसला आएलगत्तै कोइरीलाई प्रहरीले गौशालास्थित आफ्नै घर नजिकबाट नियन्त्रणमा लिएको जनाएको छ । सशस्त्र प्रहरीका असई थमन विकको हत्यासम्बन्धी चर्चित मुद्दामा उच्च अदालतको पछिल्लो फैसलापछि दोषी ठहर भएका व्यक्तिहरूमाथि फैसला कार्यान्वयनको प्रक्रिया तीव्र बनाइएको छ।

# निशुल्क सिचाई र खानेपानी रोक्न नपाईने आदेश

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मौलापुर नगरपालिकामा स्थानीयवासीलाई दिँदै आएको विद्युत् तथा खानेपानी/सिँचाइ शुल्कसम्बन्धी सुविधा तत्काल रोक्न नपाइने सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ।




न्यायाधीश हरिप्रसाद फुयालको एकल इजलासले संजिता कुमारीसहितको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै अन्तिम फैसला नभएसम्म सुविधा यथावत् राख्न आदेश दिएको हो।

मौलापुर नगरपालिकाले विगत आठ वर्षदेखि घरायसी विद्युत् तथा सिँचाइका लागि प्रयोग हुने विद्युत् मिटरको महसुल नगरपालिकाको तर्फबाट व्यहोर्दै आएको थियो । तर, संघीय सरकारको निर्णयपछि उक्त सुविधा रोकिएको भन्दै स्थानीयवासी सर्वोच्च अदालत पुगेका थिए।

रिट निवेदकतर्फबाट वरिष्ठ अधिवक्ता शम्भु थापा, रामनारायण बिडारी, विजयप्रसाद मिश्र, उद्धवप्रसाद चौलागाईं, दिनमणि पोखरेल तथा अधिवक्ता नागेन्द्र यादव र वीरेन्द्रप्रसाद साहले बहस गरेका थिए।

सर्वोच्च अदालतले विपक्षी पक्षलाई आदेश जारी गर्नु नपर्ने कारण, आधार र प्रमाणसहित म्याद तामेल भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्न आदेश दिएको छ। अन्य विपक्षीलाई पनि कानुनबमोजिम आफैं वा प्रतिनिधिमार्फत लिखित जवाफसहित उपस्थित हुन आदेशमा भनिएको छ।

अदालतको आदेशमा मौलापुर नगरपालिकाको दशौं नगरसभाले २०८२ असार २० गते सर्वसम्मत रूपमा स्थानीय समुदायलाई सिँचाइ तथा विद्युत् महसुलमा सुविधा उपलब्ध गराउने निर्णय गरेको उल्लेख छ। त्यसपछि मन्त्रिपरिषद्को २०८२ असोज ५ गतेको निर्णय र अर्थ मन्त्रालयले असोज ७ गते जारी गरेको प्रेस विज्ञप्तिको आधारमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले उक्त सुविधा मौखिक रूपमा स्थगित गरेको दाबी रिटमा गरिएको छ।

सर्वोच्च अदालतले संघीय सरकारको निर्देशनले स्थानीय तहको निर्णय निष्प्रभावी हुने वा नहुने विषय अन्तिम सुनुवाइबाट टुंगो लाग्ने उल्लेख गर्दै हालका लागि सिँचाइ तथा विद्युत् शुल्कको अभिलेख राखी सुविधा निरन्तर उपलब्ध गराउन अन्तरिम आदेश जारी गर्दा स्थानीयमा खुशीको माहौल देखिएको छ।

# छिमेकीको हत्या गर्ने पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । आफ्नै छिमेकीको हत्या गरेको आरोपमा २५ वर्षीय सन्तोषकुमार रायलाई सर्लाही प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीले बिहीबार पत्रकार सम्मेलन गर्दै उनलाई सार्वजनिक गरेका छन् ।




प्रहरीका अनुसार रायले ५३ वर्षीय छिमेकी होसनारायण राय यादवको धारिलो हतियार (हँसिया) प्रहार गरी हत्या गरेको आरोप छ । प्रारम्भिक अनुसन्धानमा उनले आफ्नै बुबा र भिनाजुलाई फसाउने उद्देश्यले हत्या गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ।

सर्लाहीका प्रहरी प्रमुख एसपी रवीन्द्रनाथ पौडेलका अनुसार अभियुक्त रायले प्रारम्भिक सोधपुछका क्रममा अपराध स्वीकार गरेका छन्। उनले मोबाइल खरिदका लागि पैसा माग्दा बुबासँग विवाद भएको र परिवारका सदस्यले सुधार केन्द्र पठाउने धम्की दिने गरेकाले उनीहरूप्रति रिस बढ्दै गएको बताएका छन् ।

घटना ७ असार राति भएको हो। भैंसी गोठमा सुतिरहेका यादवमाथि आक्रमण हुँदा घाँटीमा गम्भीर चोट लागेको थियो । उपचारका लागि अस्पताल पुर्‍याइए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

घटनापछि फरार रहेका रायलाई १६ असारमा बरहथवा नगरपालिका-७ बाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । अनुसन्धानका क्रममा घटनास्थल आसपासको सीसीटीभी फुटेजका आधारमा उनीमाथि शंका केन्द्रित भएको थियो । प्रहरीका अनुसार घटनामा प्रयोग गरिएको चोरीको मोटरसाइकल ८ असारमा लालबन्दी नगरपालिका-२ नवलपुर क्षेत्रमा बेवारिसे अवस्थामा फेला परेको थियो । उक्त मोटरसाइकल छिमेकी हरिन्द्रराम यादवको रहेको र अभियुक्तले चोरी गरी घटनामा प्रयोग गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

प्रहरीले अभियुक्त रायविरुद्ध कर्तव्य ज्यान तथा चोरी मुद्दा दर्ता गरी सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान अघि बढाएको बताइएको छ।

# रथमा मिचिएर बालिकाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मुखियापट्टीमुसहरनियागाउँपालिका-४ स्थित खतबैया टोलमा विवाह समारोहका क्रममा भएको दुर्घटनामा एक बालिकाको मृत्यु भएको छ भने एक महिला गम्भीर घाइते भएकी छन्। बिहेको रथको ब्रेक अचानक फेल भएपछि नाचिरहेका स्थानीयमाथि रथ चढ्दा उक्त दुर्घटना भएको प्रहरीले जनाएको छ।

धनुषा प्रहरीले दिएको जानकारीअनुसार स्थानीय केश्वर मुखियाकी छोरीको विवाहका अवसरमा गएराति मटकोर विधि सञ्चालन भइरहेको थियो। सोही क्रममा द्यच ३२ ग ७४६८ नम्बरको बिहेको रथको ब्रेक अचानक फेल भएपछि रथ अनियन्त्रित भई नाचिरहेका मानिसको समूहमा पसेको थियो।

दुर्घटनामा स्थानीय संजय मुखियाकी १३ वर्षीया छोरी सरस्वती मुखिया र बिकाउ मुखियाकी ३५ वर्षीया श्रीमती कवितादेवी मुखिया रथले किचिएका थिए। घटनापछि दुवै घाइतेलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लगिएको थियो।

उपचारकै क्रममा १३ वर्षीया सरस्वती मुखियाको मृत्यु भएको धनुषा प्रहरीका प्रवक्ता डीएसपी मधुसुदन न्यौपानेले जानकारी दिए। घाइते कवितादेवी मुखियाको टाउकोसहित शरीरका विभिन्न भागमा गम्भीर चोट लागेकोले थप उपचारका लागि न्युरो अस्पताल जनकपुरधाम रेफर गरिएको प्रहरीले जनाएको छ।

दुर्घटनापछि प्रहरीले बिहेको रथ नियन्त्रणमा लिएको छ। घटनालगत्तै चालक फरार भएको र उनको खोजीका साथै दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८